कार्यपालिका बैठक मिति : २०८२।०५।०६ गते।

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८२।०५।०१ गते।

मिति २०८२।०५।०६ गतेको कार्यपालिका बैठकका प्रस्तावहरू

१. निर्णय समिक्षा सम्बन्धमा।
२. बजेट सुनिश्चितता सम्बन्धमा।
३. आ व २०८१।८२ को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन उपर छलफल सम्बन्धमा।
४. सार्वजनिक सुनुवाई गर्ने सम्बन्धमा।
५. गुम्बा निर्माण तथा मर्मत सम्बन्धमा।
६. मनास्लु दिवस मनाउने सम्बन्धमा।
७. ज्येष्ठ नागरिक सम्मान सम्बन्धमा।
८. बुढिगण्डकी मोटरमाटो निर्माण सम्बन्धमा।
९. 4G सेवा विस्तार सम्बन्धमा।
१०. EIA प्रतिवेदन माग गर्ने सम्बन्धमा।
११. सल्लेरी स्थित सामुदायिक भवनको मुअब्जा सम्बन्धमा।

**माथि उल्लेखित प्रस्तावहरू छलफल गरी सर्वसम्मतले तपसिलका निर्णयहरू गरियो।**

१. चुमनुब्री गाउँपालिका कार्यपालिका बैठकले आ व २०८१।८२ मा हाल सम्म गरेका निर्णय समिक्षा गर्दै कार्यान्वयन गर्ने।

२. आ व २०८२।८३ का तपसिलका वार्षक स्विकृत कार्यक्रम कार्यान्वयन गर्ने चरणमा लागत अनुमान तयार गर्दा विनियोजित बजेट भन्दा बढि हुन आएको र भवन निर्माण सम्बन्धी कार्य भएको हुँदा यसै वर्ष निर्माण सम्पन्न गर्नका लागि तपसिल बमोजिम बजेट सुनिश्चितता गर्ने।

| सि नं | योजनाको नाम | अपुग हुने बजेट | बजेट सुनिश्चित हुने स्रोत | कै |
|---|---|---|---|---|
| १ | सिद्ध गणेश आ वि छात्रावास निर्माण योजना | रू २९ लाख ४० हजार | नगद मौज्दात अ ल्या | |
| २ | सिर्दिवास स्वास्थ्य चौकी वर्थिङ सेन्टर भवन निर्माण | रू १ लाख ९० हजार मात्र | नगद मौज्दात अ ल्या | |

३. गाउँपालिकाको आ व २०८१।८२ को प्रारम्भिक लेखापरिक्षण टिपोट उपर छलफल गरी असुल उपर गर्नु पर्ने बेरुजू समयमै दाखिला गर्ने लगाउने, नियमति गर्नुपर्ने बेरुजू लेखा समितिमा आवश्यक छलफल गर्ने गराउने।

४. चुमनुब्री गाउँपालिकाको आ व २०८२।८३ को प्रथम चौमासिकको सार्वजनिक सुनुवाई २०८२ मंसिर महिनाको दोस्रो हप्ता गराउने गरी प्रमुख प्रशासकीय अधिकृतलाई आवश्यक व्यवस्थापनका लागि अख्तियारी दिने।

निमा लामा
अध्यक्ष

मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

चुमनुब्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिबास, गोरखा
गण्डकी प्रदेश, नेपाल

५. चुमनुब्री गाउँपालिकाबाट सञ्चालन हुने गुम्बा निर्माण तथा मर्मतका कार्यक्रममा गुम्बा विकास समिति तथा परातत्व विभागबाट जारी भएका मापदण्ड बमोजिम मौलिक सँस्कृति झल्किने गरी स्थानीय सामाग्री प्रयोग गरी निर्माण तथा मर्मत सम्बन्धी कार्य गर्ने नीति अवलम्बन गर्ने ।

६. ७० औँ मनास्लु आरोहण दिवस भव्यरूपमा मनाउनका लागि तपसिल बमोजिम कार्यक्रम मुल आयोजक समिति गठन गर्ने ।

तपसिल

| | | |
|---|---|---|
| संयोजक | श्री निमा लामा | अध्यक्ष चुमनुब्री गाउँपालिका |
| सदस्य | नेपाल पर्वतारोहण संघ नेपालको प्रतिनिधि | |
| सदस्य | मनास्लु संरक्षण क्षेत्र आयोजना गोरखा | कार्यालय प्रमुख |
| सदस्य | पर्यटन बोर्ड नेपालको प्रतिनिधि | |
| सदस्य | पर्यटन व्यवस्थापन समिति चुमनुब्री गाउँपालिका | |
| सदस्य | वडा अध्यक्ष वडा नं १ चुमनुब्री गाउँपालिका, सामागाउँ । | |
| सदस्य | प्रमुख प्रशासकीय अधिकृत | चुमनुब्री गाउँपालिका । |
| सदस्य सचिव | प्रशासन शाखा प्रमुख | चुमनुब्री गाउँपालिका । |

७. चुमनुब्री गाउँपालिका ज्येष्ठ नागरिक सम्मान कार्यक्रम कार्यान्वयन गर्नका लागि आवश्यक कार्यविधिको मस्यौदा तयार गरि अर्को बैठकमा पेश गर्ने ।

८. चुमनुब्री गाउँपालिका वार्षिक स्विकृत कार्यक्रम बुढिगण्डकी फिलिम बजार मोटर बाटो निर्माण तथा स्तरोन्नती योजना को कार्यान्वयनका लागि तयार भएको IEE प्रतिवेदन सहित कार्यान्वयन स्विकृतीका लागि मनास्लु संरक्षण क्षेत्र आयोजना कार्यालय गोरखामार्फत राष्ट्रिय प्रकृती संरक्षण कोषमा लेखी पठाउने ।

९. चुमनुब्री गाउँपालिका सिप्चेत, छेकम्पार तथा सेराङमा नेपाल टेलिकमको 4G सेवा विस्तारका लागि नेपाल टेलिकमसँग सेवा विस्तारका लागि आवश्यक सूचना प्रविधि सामाग्री तथा अन्य सामाग्री ढुवानीका लागि गाउँपालिकाले सम्झौता गरी ढुवानी बराबरको लागत व्यहोर्ने ।

१०. चुमनुब्री गाउँपालिकामा बुढिगण्डकी जलविद्युत आयोजना ३४१ मेघावाट निर्माण हुने क्रममा रहेको हुनाले उक्त योजनाको प्रवर्द्धित कम्पनी टाईम्स ईनर्जी प्रा ली सँग परियोजना सञ्चालनका लागि तयार भएको वातावरणिय प्रभाव मूल्यांकन प्रतिवेदन EIA प्रतिवेदन माग गर्ने ।

११. चुमनुब्री गाउँपालिका वडा नं ३ सल्लेरीमा माथिल्लो बुढिगण्डकी जलविद्युत आयोजना निर्माण हुने क्रममा रहेको हुनाले उक्त स्थानमा गाउँपालिका ले निर्माण गरेको सामुदायिक भवनको मुअब्जा टाईम्स ईनर्जी प्रा लीसँग माग गर्ने ।

निमा लामा
अध्यक्ष

मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

चुमनुब्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिबास, गोरखा
गण्डकी प्रदेश, नेपाल